# पूर्वाञ्चल विश्वविद्यालय

## इञ्जिनियरिङ⁄विज्ञान तथा प्रविधि संकाय

## स्नातक तहका शैक्षिक कार्यक्रमहरूको

## प्रवेश परीक्षाको अनलाईन (ONLINE) आवेदन फाराम भर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०७८।०९।२१ गते बुधबार)

पूर्वाञ्चल विश्वविद्यालय इञ्जिनियरिङ⁄विज्ञान तथा प्रविधि संकाय अन्तगर्तका आंगिक एवं सम्बन्धन प्राप्त स्कूल⁄क्याम्पस⁄कलेजहरूमा सञ्चालित इञ्जिनियरिङ संकाय अन्तर्गत स्नातक तहका BE (Civil, Computer, Electronics Communication & Automation, Electrical, Geomatic, Biomedical), B. Arch., तथा विज्ञान तथा प्रविधि संकाय अन्तर्गत स्नातक तहका B. Sc. (Hons.) Ag., B. V. Sc. & AH, B. Sc. Biotechnology, B. Tech. Biotechnology, Bachelor in Food Technology, B. Sc. Forestry, BCA, BIT र PGDCA शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०७८⁄०७९ (सन् २०२१)मा नयाा भर्नाको प्रवेश परीक्षाका लागि अनलाईन (ONLINE) आवेदन फाराम आह्वान गरिएको छ । विश्वविद्यालयद्वारा तोकिएको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेका इच्छुक विद्यार्थीहरूले आफूले अध्ययन गर्न चाहेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौट गरी ONLINE फारामको विवरण भरी सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू र पासपोर्ट साइजको फोटोको Scan Copy समेत Attach गरी तोकिएको दस्तुर सहित सम्बन्धित संकायमा Online Payment मार्फत् वा सम्बन्धित संकायको लागि तोकिएको बैंक खातामा जम्मा गरेको बैंक भाउचरको Scan Copy समेत Attach गरी आवेदन फाराम भर्ने व्यवस्था मिलाइएको छ । नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा सम्बन्धित निकाय⁄संस्थाबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको Scan Copy अनिवार्य रूपले Attach गर्नु पर्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

१. **ONLINE आवेदनका लागि Website:**
   **इञ्जिनियरिङ संकायः** www.pufoe.edu.np
   **विज्ञान तथा प्रविधि संकायः** www.pufost.edu.np

२. आवेदन फाराम शुल्क (सेवा शुल्क वाहेक): रू. १,५००।- (एक हजार पााच सय मात्र)

३. दोब्बर दस्तुर (सेवा शुल्क वाहेक) रू. ३,०००।- (तीन हजार मात्र)

४. **आवेदन भर्ने सम्बन्धी अन्य व्यवस्थाः**

(क) इच्छुक आवेदक परीक्षार्थीहरूले भर्ना हुन चाहेको स्कूल⁄क्याम्पस⁄कलेजहरू छनौट गरी ONLINE मार्फत् प्रवेश परीक्षा फाराम भरेपछि **तोकिएको दस्तुर तिरी मिति २०७८।१०।०५ गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०७८।१०।०९** गतेसम्म आवश्यक कागजातहरूको सक्कल प्रतिको Scaned Copy Attach गरी JPEG / JPG / PNG Format मा Upload गर्नु पर्नेछ ।

(ख) स्कूल⁄क्याम्पस⁄कलेजहरूले ONLINE मार्फत् आवेदन गरेका विद्यार्थीहरूको आवश्यक कागजात र परीक्षा आवेदन शुल्क अनिवार्य रूपमा तोकिएको समयभित्र ONLINE रूजु (Verify) गर्नु पर्नेछ ।

(ग) नियमानुसार तोकिएको शुल्क तथा आवश्यक कागजातहरू UPLOAD नगर्ने विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।

(घ) रीत नपुगी आएका आवेदन फाराम तथा तोकिएका कागजात पूरा नभएका परीक्षार्थीहरूको फाराम रद्द भएमा सोको जिम्मेवार सम्बन्धित परीक्षार्थी नै हुनेछ ।

५. **छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** पू.वि. छात्रवृत्ति सम्बन्धी विनियमावली २०७८ बमोजिम विश्वविद्यालयबाट १० प्रतिशत (५ प्रतिशत जेहेन्दार र ५ प्रतिशत आरक्षित) छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको तथा आरक्षित छात्रवृत्तिका लागि आवेदन गर्न निम्न अनुसारको व्यवस्था रहेको छ ।

- आरक्षित समूहमा आवेदन फाराम भर्ने विद्यार्थीहरूले आफूले भर्न चाहेको आरक्षित समूहमा अनिवार्य रूपले (√) चिन्ह लगाउनु पर्नेछ । साथै, छात्रवृत्ति सम्बन्धी विनियमावली २०७८ मा उल्लेख भए बमोजिमका आवश्यक सम्पूर्ण सक्कल कागजातहरू Scanned Attach गरी अनिवार्य रूपले JPEG / JPG / PNG Format मा Upload गर्नु पर्नेछ ।

६. विश्वविद्यालयद्वारा सम्बन्धित संकाय अन्तगर्तका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता सम्बन्धी विस्तृत जानकारी माथि उल्लेखित website बाटै प्राप्त गर्न सकिनेछ ।

७. प्रवेश परीक्षाको परीक्षा तालिका एवं परीक्षा केन्द्र सम्बन्धी विस्तृत जानकारी पछि प्रकाशित गरिनेछ ।

८. ONLINE फाराम भर्ने सम्बन्धी थप जानकारी आवश्यक भएमा पूर्वाञ्चल विश्वविद्यालय प्रवेश परीक्षा समितिको कार्यालयको मोबाइल नम्बर **९७४५८६४३९१** मा सम्पर्क राख्न सकिनेछ ।

**पूर्वाञ्चल विश्वविद्यालय**
**प्रवेश परीक्षा समिति-२०७८**